# ५ सातवटा लालमोहरहरु लगाइएको चर्मपत्र

<u>*यस अध्यायका मूल पदहरू*</u> प्रकाश ६:१-१७, लेबीहरूलाई २६:२१-२६, इजकिएल ४:१६, व्यवस्था ३२:४३ र २ थेस्सोलिनिकी १:७-१०।

<u>*यस अध्यायको मूल सार पद:*</u> "९ तिनीहरूले यसो भन्दै एउटा नयाँ गीत गाए: **"तपाईं यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरू तोड्ने योग्यका हुनुहुन्छ, तपाईं मारिनुभएको थियो र आफ्नो रगतद्वारा तपाईंले परमेश्‍वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो, १० र हामीहरूलाई राजाहरू र हाम्रा परमेश्‍वरका पूजाहारीहरू बनाउनुभएको छ, र हामीहरूले पृथ्वीमा राज्य गर्नेछौं।" प्रकाश ५:९-१० (रूपान्तरित)।**

प्रकाश ६ले प्रकाश ४ र ५ अध्यायका दृश्यलाई निरन्तरता दिएको छ। येशूको विजयी जीवन र मृत्युले आदममा गुमाइएको सार्वभौमसत्ता फेरि प्राप्त गर्नुभएकोले चर्मपत्रको मुठ्ठामा लगाएको लालमोहर खोल्न उहाँ योग्य हुनुभएको छ। अब मुक्तिको योजनालाई अन्तिम चरणमा पूर्णता दिन वा वास्तविकरूपमा परिणत गर्न त्यस चर्मपत्रका लालमोहरहरूलाई खोलेर आफ्नो काम अघि बढाउन अब उहाँ तयार हुनुभएको छ।

सारा संसारमा सुसमाचार फैलाउनेको कार्यको थालनी पेन्टिकोस्टको दिनदेखि भएको थियो। त्यसबेलासम्म यहूदीहरूले मसीहको राज्य वा सनातन सृष्टिकर्ताको अनुग्रहको उपभोग केवल यहूदी जातिहरूमामात्र सिमित भएको ठानिएको थियो। अब पवित्र आत्मा पठाइएर येशू ख्रीष्टको राज्य यहूदी जातबाट फैलिएर संसारमा जन्मिने प्रत्येक मानिसमा फैलिएको थियो अर्थात् उहाँको राज्य कुनै जातमा सिमित नभएर सारा संसारमा फैलिन पुगेको थियो। त्यसकारण लालमोहरहरूलाई तोड्नुको अर्थ सुसमाचारको प्रचारबाजी र त्यसलाई इन्कार वा अस्वीकार गर्नेहरूले पाउने परिणामहरूलाई देखाइएको छ। जब त्यस चर्मपत्रको मुठ्ठामा रहेको अन्तिम र सातौं लालमोहर तोडिन्छ तब यस संसारको इतिहासलाई निष्कर्षमा पुऱ्याइन्छ अर्थात् संसारको इतिहासको अन्त हुनेछ। प्रकाश ३:२१ सातवटा लालमोहरूको अर्थ खोल्ने साँचो हो। त्यसमा यसरी बताइएको छ "जसले जित्छ, त्यसलाई म मेरो सिंहासनमा मसित बस्ने अवसर दिनेछु, जसरी म आफैले पनि जितें, र मेरा

पितासँग उहाँको सिंहासनमा बसेको छु।" येशू ख्रीष्टले क्रुसमा बलि हुनुभएर पापमाथि बिजय पाउनुभएकोले र उहाँको योग्यताले गर्दा हामीहरूको मूल पुजारी हुन र चर्चपत्र खोल्न सक्षम् हुनुभएको थियो भनेर प्रकाश ४,५ले हामीलाई बताउँदछ। अध्याय ७को अन्तिम पदले विजय पाउनेहरूले ख्रीष्टको सिंहासनमा बस्ने अवसर पाउने विषयमा वयान गरिएको छ। तब प्रकाश ६ अध्यायमा येशूको सिंहासनमा बस्ने अवसर पाउन विजयी जीवन बिताउनुपर्ने प्रक्रियाको बारेमा बयान गरिएको छ।

## १. पहिलो लालमोहर खोलिन्छ

**प्रकाश ६:१-८सँग तुलना गरेर अरू पदहरू पनि पढ्नुहोस्। त्यहाँ साझा मूल शब्दहरू छन्। ती शब्दहरूलाई तुलना गरेर पढ्दा ती शब्दहरूको आधारमा प्रथम् चारवटा लालमोहरहरूको अर्थ कसरी लगाइन्छ? हेर्नुहोस्, प्रकाश ६:१-८ "१ जब थुमाले ती सातमध्ये एउटा मोहोर तोड्नुभएको मैले देखें, तब चार जीवित प्राणीहरूमध्ये एक जनाले मेघ गर्जन जस्तो आवाजले यसो भनेको मैले सुनें, "आऊ!" २ अनि मैले एउटा सेतो घोडा देखें, त्यसमाथि सवार हुनेसित एउटा धनु थियो, र त्यसलाई एउटा मुकुट दिइयो, अनि त्यो विजयी भएर विजय गर्न निस्क्यो। ३ जब उहाँले दोस्रो मोहोर तोड्नुभयो, तब दोस्रो जीवित प्राणीले "आऊ" भनेको मैले सुनें। ४ अर्को एउटा उज्ज्वल रातो घोडा बाहिर निस्किआयो। मानिसहरूले एक-अर्काको हत्या गरून् भनी यस घोड़सवारलाई पृथ्वीबाट शान्ति हरण गर्ने अख्तियार दिइयो। त्यसलाई एउटा ठूलो तरवार दिइयो। ५ जब उहाँले तेस्रो मोहोर तोड्नुभयो, तेस्रो जीवित प्राणीले "आऊ" भनेको मैले सुनें। मैले एउटा कालो घोडा देखें। घोड़सवारको हातमा एउटा तराजू थियो। ६ ती चार जीवित प्राणीका बीचमा एउटा आवाजले यसो भनेजस्तो मैले सुनें, "एक दिनको ज्यालामा एक किलो गहूँ, र एक दिनको ज्यालामा तीन किलो जौ, तर तेल र दाखमद्यलाई हानि नगर्नू।" ७ जब उहाँले चौथो मोहोर तोड्नुभयो, तब चौथो जीवित प्राणीले "आऊ" भनेको मैले सुनें। ८ मैले पहेंलो घोडा देखें, र घोड़सवारको नाउँचाहिँ "मृत्यु" थियो, र "पाताल" चाहिँ त्यसको पछिपछि लागेको थियो। अनि पृथ्वीको चौथाइ भागलाई तरवार, अनिकाल, महामारी र पृथ्वीका जङ्गली जनावरहरूद्वारा मार्ने अख्तियार तिनीहरूलाई दिइएको थियो।", लेबीहरू २६:२१-२६ "२१ " 'तिमीहरू मेरो विरुद्धमा हिँड़िर मलाई अझै टेरेनौ भने म फेरि तिमीहरूका पाप सुहाउँदो सात गुणा बढ़ी विपत्तिहरू**

तिमीहरूमाथि ल्याउनेछु। २२ म तिमीहरूका बीचमा जङ्गली जनावरहरू पठाइदिनेछु, जसले तिमीहरूका नानीहरूलाई खाइदिनेछन्, र तिमीहरूका गाईबस्तुहरूलाई नाश गर्नेछन्, अनि तिमीहरूको संख्या यति थोरै बनाउनेछन् कि तिमीहरूका बाटो सूनसान हुनेछन्। २३ " 'यी सब भएर पनि तिमीहरू मतर्फ फर्केनौ र मेरो विरुद्धमा हिँड़िरह्यौ भने, २४ म पनि तिमीहरूका विरुद्धमा हुनेछु, र तिमीहरूका पापका लागि म सात गुणा तिमीहरूलाई प्रहार गर्नेछु। २५ म तिमीहरूमाथि युद्धहरू ल्याउनेछु, र मेरो करार भङ्ग गरेको बदला म चुकाउनेछु। तिमीहरू आफ्नो-आफ्नो सहरमा जम्मा हुनेछौ, म त्यहाँ पनि तिमीहरूका बीचमा रूढ़ी पठाउनेछु, अनि तिमीहरू आफ्ना शत्रुहरूका हातमा पर्नेछौ। २६ म तिमीहरूको अन्न यति साह्रो घटाइदिनेछु कि एउटै घरको चुलोमा दश घरका आइमाईहरूले पकाउनेछन्, अनि पकाएर भाग लगाउँदा यति थोरै हुनेछ कि कसैलाई पनि पुग्नेछैन।" र मत्ती २४:१-१४ "१ त्यसपछि येशू मन्दिरबाट निस्केर जान लाग्नुहुँदा उहाँका चेलाहरू उहाँलाई मन्दिरका भवनहरू देखाउन भनी उहाँको नजिक आए। २ तर उहाँले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूले यी सब देख्छौ, होइन त? साँच्चै, म तिमीहरूलाई भन्छु, 'एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन, प्रत्येक भत्काएर फालिनेछ।" ३ येशू जैतून डाँड़ामा बस्नुहुँदा चेलाहरू एकान्तमा उहाँकहाँ आएर सोधे, "हामीलाई भन्नुहोस्, यी कुरा कहिले हुनेछन्, र तपाईंको आगमन र यस युगका अन्त्यको चिन्ह के हुनेछ?" ४ तब येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस्। ५ किनभने धेरै जना मेरो नाउँमा 'म ख्रीष्ट हुँ' भन्दै आउनेछन्, र धेरैलाई बहकाउनेछन्। ६ तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ। नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त त्यत्ति नै बेला हुँदैन। ७ किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन्। ८ तर यी सब त प्रसववेदनाको सुरु मात्र हो। ९ "तब तिनीहरूले तिमीहरूलाई सङ्कष्टको लागि सुम्पिदिनेछन्, र तिमीहरूलाई मार्नेछन्, र मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन्। १० तब धेरै जना भड्केर जानेछन्, र ठेस खानेछन्, र एउटाले अर्कालाई विश्‍वासघात गरेर सुम्पिदिनेछ र घृणा गर्नेछ। ११ धेरै झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र धेरैलाई बहकाउनेछन्। १२ दुष्टता बढ़ेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ। १३ तर आखिरसम्म स्थिर रहनेचाहिँ

**बचाइनेछ। १४ अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।"**

जब येशूले चर्मपत्रको (छाला) मुट्ठामा लगाइएका लालमोहरहरू तोड्नुभयो तब त्यसबाट विभिन्न नरमाइलो दृश्यहरूको प्रवाह भएको थियो। तरवार, अनिकाल, रोगव्याधी र जङ्गली जनावरहरू ती मुट्ठाहरूबाट निस्किएर मानिसहरूलाई त्राही त्राही बनाइएका थिए। यो बुझ्न पुरानो करारमा परमेश्वरले आफ्ना जनहरूलाई बाँध्नुभएको करारलाई ती जनहरूले तोड्दा कस्तो खालका श्रापहरूको सामना तिनीहरूले गर्नुपर्नेछ भनेर लेखिएको छ (लेबी २६:२१-२६)। अगमबक्ता इजिएलले तिनीहरूलाई परमेश्वरको चार गम्भीर तथा कठोर न्याय वा दण्डहरू भनेर सम्बोधन गर्दछन् (इजकिएल १४:२१ "किनकि परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः मैले यरूशलेममा मेरा चार भयानक दण्डहरू– तरवार, अनिकाल, जङ्गली जनावरहरू र रूढ़ी त्यहाँका मानिसहरू र पशुहरूलाई मार्न पठाएँ भने, झन् कस्तो खराब हुन्छ होला!")। ती दण्डहरू परमेश्वरले आफ्ना जनहरूलाई अनुशासनमा राख्न प्रयोग गर्नुभएको थियो। जातीयता वा देखावटी रूपमा परमेश्वरलाई विश्वास गर्छु त भन्ने तर आत्मिकरूपमा सक्रिय नहुने वा शिथिल भएर बस्ने उहाँको करारलाई तोड्ने वा विश्वासघात गर्ने जनहरूको आत्मिक निन्द्राबाट जगाउन ती दण्डहरू पठाइएका थिए। येशूको आगमनको निम्ति पर्खिएर बसेका उहाँका मानिसहरूलाई जगाइ राख्ने माध्यमहरूलाई चारवटा घोडा सवारको प्रतीकले देखाउँदछ। प्रथम चारवटा लालमोहरहरू तोड्दा के भयो भनेर मत्ती २४:४-१४सँग तुलना गरेर हेर्दा संसारमा के हुनेछ भन्ने येशूका वचनहरूले व्याख्या गर्दछ। चारवटा घोडा सवारले परमेश्वरका जनहरूलाई ठिक बाटोमा लागिरहन प्रयोग गरिने तत्वहरूलाई बुझाउँछ। यस संसारमा रहेतापनि यस संसार तिमीहरूको घर होइन भनेर आफ्ना जनहरूले याद गरिरहुन् भन्ने परमेश्वरको चाहना हो। प्रकाश ६:१,२मा बिजयको अभियानलाई सङ्केतको रूपमा उल्लेख गरिएको छ ("१ जब थुमाले ती सातमध्ये एउटा मोहोर तोड्नुभएको मैले देखें, तब चार जीवित प्राणीहरूमध्ये एक जनाले मेघ गर्जन जस्तो आवाजले यसो भनेको मैले सुनें, "आऊ!" २ अनि मैले एउटा सेतो घोडा देखें, त्यसमाथि सवार हुनेसित एउटा धनु थियो, र त्यसलाई एउटा मुकुट दिइयो, अनि त्यो विजयी भएर विजय गर्न निस्क्यो")। यसले प्रकाश १९:११-१६लाई याद दिलाउँछ। यसमा येशूले सेतो घोडा चढेर स्वर्गका दूतहरूका

फौजको नेतृत्व गर्दै उहाँको दोस्रो आगमनमा उहाँका जनहरूलाई गर्ने उद्धारको चित्रण गरिएको छ। सेतोको अर्थ शुद्ध भएको हुनाले सेतो रङ्ग येशू र उहाँका भक्तहरूसँग सम्बधित भएको बाइबलमा बारम्बार उल्लेख गरिएकोछ। प्रकाश ६:२मा घोडामा सवार हुनेसँग धनु हुन्छ र उनलाई मुकुट दिइएको हुन्छ। यसले पुरानो करारमा परमेश्वरको चित्रण गर्दछ। उहाँका जनहरूको शत्रुहरूमाथि बिजय पाउन उहाँले धनु लिएर घोडा चढेको चित्रण देहायका पदहरूले देखाउँदछन्: हबकूक ३:८-१३ "८ के तपाईंको क्रोध नदीहरूका विरुद्धमा थियो, हे परमप्रभु? के तपाईंको रिस खोलाहरूका विरुद्धमा थियो? जब तपाईं आफ्ना घोड़ाहरूमाथि र आफ्ना विजयका रथहरूमाथि सवार हुनुभयो, के तपाईं क्रोधित हुनुभएको थियो? ९ तपाईंले आफ्नो धनु निकाल्नुभयो, तपाईंले धेरै काँड़हरू ल्याउनु भनी भन्नुभयो। तपाईंले नदीहरूद्वारा पृथ्वीलाई चिर्नुभयो। १० पर्वतहरू तपाईंलाई देखेर मड़ारिए। मुसलधार पानी छेउबाट बगेर गयो। समुद्र गर्ज्यो र आफ्ना छाल उठायो। ११ तपाईंका उड़िरहेका काँड़हरूको चमकले र तपाईंको चम्कने भालाको चमकले गर्दा, सूर्य र चन्द्र आकाशमा टक्क अड़िए। १२ क्रोधमा तपाईं पृथ्वीमा हिँड्नुभयो, रिसमा तपाईंले जाति-जातिहरूलाई दाइँ गर्नुभयो। १३ आफ्नो प्रजाको उद्धारको लागि, आफ्ना अभिषिक्त जनलाई बचाउनका निम्ति तपाईं निस्कनुभयो। दुष्टताका देशको नेतालाई तपाईंले धूलोपीठो पार्नुभयो, त्यसलाई टाउकोदेखि खुट्टैसम्म नाङ्गो पार्नुभयो।" र भजन ४५:४,५ "४ आफ्नो गौरवमा विजयसाथ, सत्यता, नम्रता र धार्मिकताको पक्षमा तपाईंको सवारी होस्। तपाईंको दाहिने बाहुलीले चमत्कारका कार्य प्रदर्शन गरोस्। ५ तपाईंका तिखा बाणहरूले राजाका शत्रुहरूका मुटु छेडून्। जाति-जातिहरू तपाईंका चरणमा झुकून्।"

घोडामा सवार हुनेले लगाउने मुकुटलाई ग्रीक शब्दमा स्टेफानोस stephanos भनिन्छ। यो विजयको मुकुट हो (प्रकाश २:१०, प्रकाश ३:११)। यो मुकुट लगाउने व्यक्ति बिजेता हुन् जसले जित्दै अघि बढ्दछन्।

पहिलो लालमोहर तोड्दा भएको प्रथम् दृश्यले सुसमाचारको प्रचारको वर्णन गर्दछ जुन् पेन्टिकोस्टको समयमा अत्यन्त प्रभावकारी रूपमा फैलिन सुरु भएको थियो। संसारभरि सुसमाचार सुनाउने माध्यमले येशूले आफ्नो राज्य बिस्तारित वा फैलाइएको देखाएको थियो। अझ कतिपय देशहरूमा सुसमाचार सुनाइएको छैन न त सबै जातिहरूमा। धेरै मानिसहरूले सुसमाचार सुनेर

उहाँको विश्वास गर्नु जरुरी छ ताकि येशू आफ्नो महिमामा आउनु ठिक अघि उहाँको विजयले पूर्णता पाउन्। जब संसारका सबै ठाउँहरूमा रहेका मानिसहरूले उहाँको सुसमाचार सुन्ने अवसर पाउँछन् र कतिपयले उहाँलाई विश्वास गर्न पुग्छन् तब उहाँको विजय भएको मानिन्छ।

भविष्यवाणीको आँखाले हेरियो भने प्रथम् लालमोहर तोडिएको दृश्यले एफिसको चर्चलाई पठाइएको सन्देशलाई देखाउँदछ। प्रथम् शताब्दीमा सारा संसारभरि प्रेरितहरूको सक्रियताले सुसमाचार फैलिएको थियो ("यदि तिमीहरू आफ्ना विश्वासमा अचल र स्थिर भइरह्यौ र तिमीहरूले सुनेका सुसमाचारको आशाबाट हटेनौ भने। यही नै त्यो सुसमाचार हो, जो स्वर्गमुनि हरेक प्राणीलाई प्रचार गरिएको छ, जसको म पावल, धर्म-सेवक भएँ।" कलस्सी १:२३)।

**जब हामी येशूकोसाथमा छौं तब हामी जितको पक्षमा छौं भनेर हामीले किन सधैं याद गरिरहनुपर्छ? हामीले जुनसुकै परिस्थितिको सामना गर्नुपरेतापनि प्रभु येशू हाम्रो साथमा हुनुहुन्छ भने हामी किन शिर झुकाएर बस्ने?**

## २. दोस्रो र तेस्रो लालमोहर

**प्रकाश ६:३,४को वर्णन गरिएको आधारमा रातो घोडा र त्यसमाथि चढिएको व्यक्तिको वर्णनले सुसमाचारसँग के सरोकार राख्दछ? हेर्नुहोस्, "३ जब उहाँले दोस्रो मोहोर तोड्नुभयो, तब दोस्रो जीवित प्राणीले “आऊ” भनेको मैले सुनें। ४ अर्को एउटा उज्ज्वल रातो घोडा बाहिर निस्किआयो। मानिसहरूले एक-अर्काको हत्या गरून् भनी यस घोड़सवारलाई पृथ्वीबाट शान्ति हरण गर्ने अख्तियार दिइयो। त्यसलाई एउटा ठूलो तरवार दिइयो।"**

रातोको अर्थ रगतको रङ्ग हो। घोडाचढीको हातमा ठूलो तरवार छ र यस पृथ्वीबाट शान्ति हरण गर्ने अधिकार उसलाई दिइएको छ।। त्यसले गर्दा मानिसहरूलाई एक आपसमा मारकाट गर्न बाटो खुल्दछ ("तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ। नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त त्यत्ति नै बेला हुँदैन।" मत्ती २४:६)।

सुसमाचारलाई ग्रहण नगर्दा के हुनेरहेछ भनेर दोस्रो लालमोहर तोड्दा देखाइएको छ। यो दृश्यले विश्व इतिहासको दोस्रो शताब्दीलाई औंल्याउँदछ। जब सुसमाचारको प्रचारले येशूले यस संसारमा आत्मिक युद्ध लडिरहनुभएको थियो तब दुष्टका शक्तिहरूले त्यसको खिलाफमा अत्यन्त प्रतिरोध अथवा प्रतिकार गरेका थिए। त्यसले गर्दा येशूलाई विश्वास गर्नेहरूले भयानक

सतावटको सामना गर्नुपरेको थियो। याद गर्नुहोस्, त्यो घोडाचढीले हत्या गर्दैन तर यस संसारबाट शान्तिलाई झिक्दछ। त्यसको फलस्वरुप येशूलाईमात्र विश्वास गर्नेहरूले भारी यातना भोग्दछन् ("म पृथ्वीमा शान्ति ल्याउन आएको हुँ भनी नठान। शान्ति ल्याउन होइन, तर तरवार चलाउनलाई म आएको हुँ" मत्ती १०:३४)।

**लेबी २६:२६ र इजकिएल ४:१६सँग प्रकाश ६:५,६ पढ्नुहोस्। कालो घोडा र त्यसको घोडसवारको विवरणले सुसमाचार प्रचारको वास्तविकतासँग त्यसको के सम्बन्ध छ? हेर्नुहोस्, प्रकाश ६:५, ६ "५ जब उहाँले तेस्रो मोहोर तोड्नुभयो, तेस्रो जीवित प्राणीले "आऊ" भनेको मैले सुनें। मैले एउटा कालो घोडा देखें। घोड़सवारको हातमा एउटा तराजू थियो। ६ ती चार जीवित प्राणीका बीचमा एउटा आवाजले यसो भनेजस्तो मैले सुनें, "एक दिनको ज्यालामा एक किलो गहूँ, र एक दिनको ज्यालामा तीन किलो जौ, तर तेल र दाखमद्यलाई हानि नगर्नू।" , लेवी २६:२६ "म तिमीहरूको अन्न यति साह्रो घटाइदिनेछु कि एउटै घरको चुलोमा दश घरका स्त्रीहरूले पकाउनेछन्, अनि पकाएर भाग लगाउँदा यति थोरै हुनेछ कि कसैलाई पनि पुग्नेछैन।" र इजकिएल ४:१६ "उहाँले मलाई भन्नुभयो, "ए मानिसको छोरो, म यरूशलेमबाट अन्नको मूल बन्द गरिदिनेछु। जोखी-जोखीकन चिन्तित भई तिनीहरूले रोटी खानेछन्, र जोखीजोखीकन डराउँदै पानी पिउनेछन्।"**

खानेकुरो जोख्ने तराजु लिएर कालो घोडा चढ्ने आउँछ। उसले एक घोषणा गर्दछः ""एक दिनको ज्यालामा एक किलो गहूँ, र एक दिनको ज्यालामा तीन किलो जौ, तर तेल र दाखमद्यलाई हानि नगर्नू" (प्रकाश ६:६ रूपान्तरित)। त्यस बेलाको युरोप तथा मध्यपूर्वमा गहुँ वा अन्न, तेल र दाखमद्य जीवनको निम्ति आधारभूत खाना थियो ("१४ म ऋतुअनुसार शरद् र बसन्तका वर्षाहरू दिनेछु, ताकि तिमीहरूका अन्न, नयाँ दाखमद्य र तेल बटुल्न सक" व्यवस्था ११:१४)। होसियारपूर्वक जोखेर अन्न खानुको अर्थ खानाको ठूलो अभाव वा अनिकाललाई औंल्याउँछ (लेवी २६:२६, इजकिएल ४:१६)। यूहन्नाको समयमा एक दिनारी भनेको एक दिनको ज्याला थियो (मत्ती २०:२)। सामान्यतया दिनको एक दिनारले घरपरिवारको निम्ति दैनिक आवश्यकता पूरा गर्दथ्यो। तर अनिकाल पर्दा खानेकुरा अति महङ्गो हुन्थ्यो। तेस्रो लालमोहर खोलिएको दृश्यमा एक जनालाईमात्र चाहिने खानेकुरा किन्न दिनभरि कामको ज्याला लाग्दथ्यो। सानो परिवार धान्न तिन किलो (नेपाली

अनुवादमा तिन किलो तर अङ्ग्रेजीमा क्वार्ट भनिएको छ। त्यसको अर्थ एक क्वार्ट एक लिटर भन्दा अलिकति बढी। त्यसकारण तिन क्वार्ट भन्दा सवा तिन लिटर भन्न सकिन्छ। किलोको चलन तत्कालीन संसारमा चलिएको देखिँदैन-अनुवादकको टिप्पणी) जौ चाहिन्थ्यो। त्यस अरू अन्नभन्दा सस्तो र खस्रो अन्न थियो।

तेस्रो लालमोहर तोडिएको दृश्यले शुद्ध सुसमाचारलाई अस्वीकार गर्दा त्यसको परिणाम अझ नराम्रो देखाएको थियो। जब चर्चमा राजनैतिक शक्ति पस्यो अर्थात् धर्म र सरकारको मिलोमत्तो भयो तब शुद्ध सुसमाचार प्रदुषित हुन पुगेको थियो। इसाई जगतको बाहुल्यता भएको युरोपको इतिहासको चौथो शताब्दीको दृश्यलाई औंल्याउँदछ। सेतो घोडाले शुद्ध सुसमाचारको प्रचारलाई औँल्याउँछ भने कालो घोडाले इसाई इतिहासमा शुद्ध सुसमाचारको उपस्थिति नभइकन मानवी परम्परामाथि भर परेको देखाउँछ। बाइबलमा अन्नको अर्थ परमेश्वरको वचन हो ( येशूले भन्नुभयो "११ अब दृष्टान्त यो होः बीउचाहिँ परमेश्वरको वचन हो" लूका ८:११)। जब शुद्ध सुसमाचारलाई राजनैतिक शक्तिको आधारमा मानिसहरूले अस्वीकार गर्न थाले तब परमेश्वरको वचनको अनिकाल हुन थालेको थियो। यो अगमबक्ता आमोसले भविष्यवाणी गरे जस्तै हो ("११ परमप्रभु परमेश्वर भन्नुहुन्छ, "यस्ता दिनहरू आउँदैछन्, जब म देशमा अनिकाल ल्याउनेछु– जुनचाहिँ न त अन्नको अनिकाल न पानीको तिर्खा हो, तर परमप्रभुको वचन सुन्ने तृष्णाको अनिकाल हुनेछ। १२ मानिसहरू परमप्रभुका वचनको खोजीमा एक समुद्रदेखि अर्को समुद्रसम्म, र उत्तरदेखि पूर्वसम्म धरमरिँदै हिंड्नेछन्। तर तिनीहरूले त्यो पाउनेछैनन्। १३ "त्यस दिन, सुन्दरी तरुणीहरू र बलिष्ठ जवानहरू तिर्खाले मूर्च्छा खानेछन्" आमोस ८:११-१३)।

## ३. चौथो लालमोहर तोडिएको दृश्य

**प्रकाश ६:७,८मा कस्तो दृश्य चित्रण गरिएको छ? यो दृश्यले पहिको दृश्यसँग के सम्बन्ध देखाउँदछ? हेर्नुहोस् "७ जब उहाँले चौथो मोहोर तोड्नुभयो, तब चौथो जीवित प्राणीले "आऊ" भनेको मैले सुनें। ८ मैले पहेंलो घोडा देखें, र घोड़सवारको नाउँचाहिँ "मृत्यु" थियो, र "पाताल" चाहिँ त्यसको पछिपछि लागेको थियो। अनि पृथ्वीको चौथाइ भागलाई तरवार, अनिकाल,**

**महामारी र पृथ्वीका जङ्गली जनावरहरूद्वारा मार्ने अख्तियार तिनीहरूलाई दिइएको थियो।"**

चौथो लालमोहरको रङ्ग ग्रीक शब्दमा क्लोरोस chloros भनिएको छ। यो खरानी जस्तो खैरो रङ्ग हो। यसले सडेको मुर्दालाई जनाउँछ। घोडा चढीको नाउँ मृत्यु हो र पाताल त्यसको पछि लागेको छ भन्दछ अर्थात् मुर्दाहरू गाडिने ठाउँ उसको पछि पछि लागेको छ रे! ती दुवैले मानिसहरूलाई तरवार, भोकमरी, मृत्यु र जङ्गली जनावरले नाश गर्दछ। यस संसारमा रहेका एक चौथाई मानिसहरूलाई त्यसले नाश गर्दछ (मत्ती २४:७,८ "७ किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन्। ८ तर यी सब त प्रसववेदनाको सुरु मात्र हो" )। सुसमाचार त यो हो कि मृत्यु र पातालको शक्ति अत्यन्त सिमित भएको हुन्छ। पृथ्वीमा रहेका मानिसहरूमा केवल एक भागमाथि मात्र तिनीहरूलाई अधिकार जमाउन दिइएको हुन्छ (अर्थात् चारभागको एक भाग)। मृत्यु र पातालको साँचो आफूसँग छ भनेर हामीलाई येशूले आश्वस्त पार्नुहुन्छ ("१७ जब मैले उहाँलाई देखें, तब म मरेतुल्य भएर उहाँका पाउमा परें। तर उहाँले आफ्नो दाहिने बाहुली यसो भनेर ममाथि राख्नुभयो, "नडराऊ, आदि र अन्त्य १८ र जीवितचाहिँ म नै हुँ। म मरेको थिएँ। हेर, म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन्" प्रकाश १:१७-१८)।

**यही सन्दर्भमा प्रकाश २मा एफिसस, स्मूर्ना, पर्गामम र थियाटिराका चर्चहरूलाई दिइएको सन्देश फेरि पढ्नु उचित हुन्छ। प्रथम चारवटा लालमोहर तोडिएको दृश्यसँग ती चर्चहरूको अवस्थासँग तुलना गर्नु अर्थमूलक देखिन्छ। तिनीहरूको बीचमा के समानताहरू छन्?**

सातैवटा लालमोहरूका दृश्यले चर्चको भविष्यलाई चित्रण गर्दछ। जसरी सातवटा चर्चहरूलाई येशूले दिनुभएको सन्देशहरूसँग विभिन्न शताब्दीका इसाई इतिहासको चित्रण गर्दछ त्यसरी नै सातवटा लालमोहरले इसाई इतिहासको विभिन्न कालहरूलाई औंल्याउँदछ। प्रेरितहरूको समयमा सारा संसारमा सुसमाचार द्रुतगतिले फैलिएको थियो। त्यसपछि इसाईहरूलाई सताउने क्रुर रोमी साम्राज्यको विगविगी चर्किएको थियो। त्यो प्रथम शताब्दीदेखि सुरू भएर चौथो शताब्दीको सुरु थियो। दोस्रो लालमोहर तोडिएको दृश्यले रोमी शासनको कठोर साम्राज्यलाई देखाउँदछ। तेस्रो लालमोहर तोडिएको दृश्यले विश्व इतिहासको चौथो र पाँचौं शताब्दीलाई

औँल्याउँदछ। त्यसबेला धर्मसँग राजनीति र परम्पराको सम्झौता भएको थियो। त्यसले गर्दा परमेश्वरको वचनको शुद्धता र सत्यको अनुपस्थितिले मानव जगतमा आत्मिक अनिकाल लागेको थियो। युरोपको त्यस ऐतिहासिक युग अन्धकारको युग भनेर प्रचलित छ। चौथो लालमोहर तोडिंदा भएको दृश्यले मानिसहरूमा आत्मिक मृत्यु भएको देखाउँदछ। इसाई इतिहासमा यो युग झण्डै एक हजार वर्षसम्म रहेको थियो।

तेस्रो लालमोहर तोडिंदा चर्किने महामारीले ल्याउने अनिकालमा तेल र दाखमद्यलाई असर पार्नेछैन भनेर प्रकाश ६:६ले बताउँदछ। तेलको अर्थ पवित्र आत्मा हो (१ शमूएल १६:१३ "शमूएलले तेल भएको सिङ लिएर तिनका दाजुहरूका सामु तिनलाई अभिषेक गरे। तब परमप्रभुका आत्मा दाऊदमाथि आउनुभयो, र त्यस दिनदेखि उहाँ तिनीसँग रहनुभयो। त्यसपछि शमूएल रामाको बाटो लागे।" र प्रेरित १०:३८ "कि परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो")। र नयाँ दाखमद्य वा अङ्गुरको रसको अर्थ येशू ख्रीष्टमा पाइने मुक्ति हो ("१९ येशूले तिनीहरूलाई भन्नुभयो, “के दुलहा तिनीहरूका साथमा रहुञ्जेल जन्तीहरू उपवास बस्छन् र? जहिलेसम्म दुलहा तिनीहरूका साथमा हुन्छन् तिनीहरू उपवास बस्दैनन्। २० तर समय आउनेछ, जब दुलहा तिनीहरूबाट अलग गराइनेछन्, तब तिनीहरू त्यस दिन उपवास बस्नेछन्। २१ “कसैले पुरानो लुगामा नयाँ कपड़ाको टालो हाल्दैन, नत्रता टालेको कपड़ा फाटिनिस्कन्छ, अर्थात् नयाँ पुरानोबाट फाटेर निस्कन्छ, र फटाइ झन् नराम्रो हुनेछ। २२ अनि कसैले नयाँ दाखमद्य पुरानो छालाको मशकमा हाल्दैन, नत्रता त्यस दाखमद्यले छालाका मशकहरू फुटाइदिन्छ, र दाखमद्य र मशक पनि नष्ट हुन्छन्। तर नयाँ दाखमद्यचाहिँ नयैं भाँड़ामा हालिन्छ” मर्कूस २:१९-२२)। परमेश्वरको वचनको अनिकाल भएतापनि पवित्र आत्माको सक्रियतालाई ती प्रतीकहरूले कसरी व्याख्या गर्दछन्? सत्यको खोजि गर्नेहरूलाई मुक्तिको सुसमाचार उपलब्ध गराइरहेको हुन्छ भनेर दाखको रस र तेलको प्रतीकले कसरी बुझाउँदछ?

## ४. पाँचौ लालमोहर खोलिन्छ

**प्रकाश ६:९,१०मा के भइरहेको छ? हेर्नुहोस्: "९ जब उहाँले पाँचौं मोहोर तोड्नुभयो, तब वेदीमुन्तिर मैले तिनीहरूका आत्माहरू देखें, जो परमेश्वरका वचनको निम्ति र तिनीहरूले दिएका गवाहीको कारण मारिएका थिए। १० अनि तिनीहरूले यसो भनेर चर्को सोरले कराए, "हे सर्वशक्तिमान् पवित्र र सत्य प्रभु, अझै कहिलेसम्म तपाईंले पृथ्वीमा रहनेहरूको इन्साफ गर्नुहुन्न र हाम्रो रगतको बदला लिनुहुन्न?"**

बाइबलमा "आत्मा" भन्ने शब्दले मानिसको सम्पूर्ण व्यक्तित्वलाई बुझाउँछ। (जब परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो तब उत्पत्ति २:७मा यसरी बताइएको छ "७ तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए-यो नेपाली अनुवाद हो नत्र भने जीवित आत्मा भनेर भनिन्छ। आदमको शारिरीक बनावट माटोको हो। जब उसलाई परमेश्वरले सास फुकिदिनुभयो तब ऊ जीवित आत्मा वा प्राणी भयो। उसले सम्पूर्णता पायो। आदम शारीरिक, आत्मिक र बौद्धिक प्राणी भएको थियो-अनुवादकको टिप्पणी सहित)।

परमेश्वरको वचनमा विश्वास गरेर बस्ने विश्वासीहरूलाई सताएर मारेकाहरू स्वर्गको पवित्र मन्दिरको बेदी मुन्तिर रहेको यूहन्नाले आफ्नो दर्शनमा देखेका थिए। पुरानो करारमा उल्लेख गरिएको पवित्र मन्दिरमा हुने विधि अनुसार पशुलाई बलि चढाएर त्यसको रगत बेदिमा छर्किइन्थ्यो (प्रस्थान २९:१०-१२ "१० "त्यो बाछा भेट हुने पालको सामुन्ने ल्याउनू, र हारून र त्यसका छोराहरूले बाछाको शिरमा आफ्ना हात राखून्। ११ त्यस बाछालाई परमप्रभुको सामुन्ने भेट हुने पालको ढोकाको अगाड़ि बलि गर्नू। १२ तिम्रो औंलाले बाछाको रगतबाट केही लिएर वेदीका सिङहरूमा लगाउनू, र त्यसको बाँकी रगतचाहिँ वेदीको आधारमा खन्याइदिनू।" र लेवी ४:७ "त्यसपछि पूजाहारीले भेट हुने पालभित्र रहेको सुगन्धित धूपको वेदीका सिङहरूमा परमप्रभुको सामु त्यस रगतबाट केही लगाऊन्, र साँढ़ेको बाँकी रगत भेट हुने पालको ढोकामा होमबलिका वेदीको आधारमा खन्याऊन्")। यूहन्नाले देखेको दृश्यमा पनि येशूको निम्ति शहीद भएर रगत बगाइएको देखेका थिए। शताब्दीयौंदेखि सुसमाचारप्रति अटल भएर बसेका परमेश्वरका जनहरूले अनेकौं अन्याय, अत्याचार र अनाहकमा मृत्युको सामना गरेका थिए र गरिरहेकाछन्।

तिनीहरूलाई गरेको अत्याचारको बदला लिन परमेश्वरले हस्तक्षेप गरुन् भनी तिनीहरूले पुकार गर्दछन्। यस पृथ्वीमा गरिने अन्यायको बारेमा यूहन्नाले बताउँछ तर मानिस मरेपछि के हुन्छ भनेर उनले व्याख्या गर्न खोजेका छैनन्। स्वर्गमा तिनीहरूको रगतले कराइरहेको भन्दा त्यो केवल प्रतीकमात्र थियो। यथार्थमा तिनीहरू स्वर्गमा थिएनन् न त तिनीहरू स्वर्गमा स्वर्गको आनन्द भोगिरहेका थिए।

परमेश्वरका निम्ति शहीद हुनेहरूको कारुणिक बिन्ति सुन्दा परमेश्वरले कस्तो जवाफ दिनुभएको थियो? हेर्नुहोस्, प्रकाश ६:११ "तिनीहरू प्रत्येकलाई एउटा सेतो पोशाक दिइयो, र तिनीहरूका सहकर्मी र भाइहरू पनि तिनीहरूजस्तै मारिएर संख्यामा पूरा नभएसम्म केही बेर विश्राम गर्नू भनी तिनीहरूलाई भनियो।" हेर्नुहोस् यी पदहरू पनि, व्यवस्था ३२:४३ "४३ हे जातिहरू हो, उहाँको प्रजासँग रमाओ, किनकि उहाँले आफ्ना दासहरूका रगतको बदला लिनुहुनेछ। उहाँले आफ्ना शत्रुहरूमाथि साटो लिनुहुनेछ, र आफ्नो देश र आफ्नो प्रजाको लागि प्रायश्चित गर्नुहुनेछ।" र भजन ७९:१० "तिनीहरूका परमेश्वर कहाँ छन्?" भनी जातिहरूले किन भनून्? हाम्रै आँखाको अगि तपाईंका दासहरूका बगाएका रगतको बदला तपाईं लिनुहुन्छ भन्ने जाति-जातिहरूलाई थाहा होस्।"

येशूका निम्ति शहीद भएका सन्तहरूलाई सेतो पोशाक ओढाइदिइएको थियो। त्यसको अर्थ येशूको धार्मिकता हो। उहाँले प्रदान गर्नभएको अनुग्रहको उपहारलाई ग्रहण वा स्वीकार गर्नेहरूको पाप क्षमा भएको छ भनेर येशूको सेतो दोसल्ला वा धार्मिकता ओढाइनुले देखाउँदछ। "जसले जित्छ, त्यसलाई यसरी सेता वस्त्र पहिराइन्छ, र म त्यसको नाउँ जीवनको पुस्तकबाट मेटिदिनेछैनँ। म त्यसको नाउँ मेरा पिताको सामुन्ने र उहाँका दूतहरूका सामुन्ने स्वीकार गर्नेछु" प्रकाश ३:५ र "चहकिलो र स्वच्छ मलमलको वस्त्र पहिरन तिनलाई दिइयो।" चहकिलो मलमलको वस्त्र सन्तहरूका धार्मिक कार्य हुन्" प्रकाश १९:८)। अनि तिनीहरूलाई त्यस बेलासम्म बिश्राम लेऊ जब सम्म उनका भाइहरूले पनि तिनीहरूको जस्तो त्यही अनुभव गर्दैनन्। अनि सबै थोकले पूर्णता पाउनेछ। प्रकाश ६:११मा कति जनालाई पोशाक पहिऱ्याइ दिइयो भनेर गन्ति नगरिएकोलाई अत्यन्त महत्त्वपूर्ण मान्नुपर्छ। ग्रीक भाषामा अनुवाद गरिएको बाइबलमा पनि गन्तीको उल्लेख गरिएको छैन। येशूको दोस्रो आगमन हुनुभन्दा पहिले येशूका कति जना विश्वासीहरू शहीद हुनुपर्छ

भनेर प्रकाशको पुस्तकले बताउँदैन। तर तिनीहरूमा हुनुपर्ने चरित्रको पूर्णताचाहिँ उल्लेख गरिएको छ। परमेश्वरका जनहरू येशूको धार्मिकताले तिनीहरूको चरित्रले पूर्णता पाउँछ तर तिनीहरूको आफ्नै धर्मकर्म वा असल कामले होइन ("९ यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखें। १० तिनीहरू उच्च सोरले कराए: "सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ।" प्रकाश ७:९-१० अर्थात् सन्तहरूले आफ्ना धार्मिक कामहरूले गर्दा मुक्ति पाइने होइन)। जबसम्म येशूको दोस्रो आगमन हुँदैन तब सम्म शहीद भएका सन्तहरूको पुनरुत्थान हुँदैन र तिनीहरूको पाप क्षमा भएको छ भनेर देखाइँदैन। सहस्त्र अर्थात हजार वर्षको सुरुमा परमेश्वरका जनहरूले येशूले दिनुहुने मुक्तिको पूर्ण उपभोग गर्न पाउनेछन् (प्रकाश २०:४ "तब मैले सिंहासनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो। तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसका मूर्तिको पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें। तिनीहरू फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे")।

पाँचौ लालमोहर खोलिएको दृश्यले इतिहासको त्यो समयलाई देखाउँदछ जब पोपीय तन्त्रको खिलाफमा मार्टिन लुथर जस्ता इसाई सुधारकर्ताहरू उठेका थिए। इसाई सुधारवादी अर्थात् प्रोटेस्टेन्ट रिफोर्मेशनको आगमनसम्म करौडौं इसाईहरूलाई येशू र बाइबलप्रति बफादारी भएको हुनाले मारिएको थियो। येशूले त्यसको बारेमा भविष्यवाणी नै गर्नुभएको थियो "किनकि त्यस बेला यस्तो महासङ्कष्ट हुनेछ, जो जगत्को सुरुदेखि अहिलेसम्म भएको छैन, न त फेरि कहिल्यै हुनेछ" मत्ती २४:२१)। हावेलको समयदेखि (उत्पत्ति ४:१०) युगको अन्तसम्म परमेश्वरका जनहरूले कष्टको अनुभव गर्नेछन् भन्ने कुरालाई हामीहरूले ख्याल राख्नुपर्दछ। अनिमात्र उहाँका जनहरूको रगतको बदला परमेश्वरले अन्तमा लिनुहुनेछ (प्रकाश १९:२ "किनकि उहाँका इन्साफ सत्य र न्यायसङ्गत छन्। सारा पृथ्वीलाई आफ्नो व्यभिचारले भ्रष्ट पार्ने त्यस महा वेश्यालाई उहाँले दण्ड दिनुभएको छ, र उहाँका दासहरूका रगतको बदला लिइसक्नुभएको छ" )।

विश्व इतिहासको सुरुदेखिनै "हे प्रभु कहिलेसम्म" भन्ने कष्ट पाएका परमेश्वरका जनहरूको क्रन्दन भइरहेको छ। यस संसारमा कसले अन्यायको अनुभव गरेको छैन होला? एक दिन न्यायको फैसला हुनेछ भनेर पाँचौं लालमोहर खोलेर देखाएको दृश्यबाट तपाईंले के सान्त्वना पाउन सक्नुहुन्छ?

## ५. छैटौं लालमोहरूलाई खोलिन्छ

येशूका विश्वासीहरूलाई शत्रुवत व्यवहार गरेर अन्यापूर्वक सास्ति दिइरहने यस संसारबाट मुक्ति पाउन रोइरहनेहरूलाई परमेश्वरले के गर्नुहुन्छ भनेर पाँचौं लालमोहर खोलिएको दृश्यले हामीलाई देखाएको छ। अब तिनीहरूको प्रार्थना वा क्रन्दनको जवाफमा हस्तक्षेप गर्ने परमेश्वरको समय आएको देखाइन्छ।

प्रकाश ६:१२-१४समेत अरू पदहरू पढ्नुहोस् र त्यहाँ के प्रकट गरिएको छ सो सोच्नुहोस्। प्रकाश ६:१२-१४ "१२ जब उहाँले छैटौं मोहोर तोड्नुभयो, तब मैले ठूलो भूकम्प गएको देखें। सूर्य भाङ्ग्राजस्तो कालो भयो, र पूर्णिमाको चन्द्रमा रगतजस्तै रातो भयो। १३ अनि अञ्जीरको रूखलाई बतासले हल्लाउँदा नपाकेका फलहरू झरेझैं आकाशका ताराहरू पृथ्वीमा खसे। १४ आकाशचाहिँ चर्मपत्रको मुट्ठो बेह्रिएझैं लोप भयो, र हरेक टापू र पहाड तिनीहरूका आफ्ना-आफ्ना ठाउँबाट हटेर गए।", मत्ती २४:२९,३० "२९ "ती सङ्कष्टका दिनको तुरुन्तै पछि, सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, र ताराहरू आकाशबाट खस्नेछन्, तथा आकाशका शक्तिहरू हल्लाइनेछन्। ३० तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्।" र २ थेस्सोलिनिकी १:७-१० "७ र तिमी कष्ट पाएकाहरूलाई हामीहरूसँगै आराम दिनुहुन्छ। यो तब हुन्छ, जब प्रभु येशू आफ्ना शक्तिशाली स्वर्गदूतहरूसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ। ८ परमेश्वरलाई नचिन्नेहरूलाई र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरूलाई उहाँले दण्ड दिनुहुन्छ। ९ तिनीहरूले अनन्त विनाशको दण्ड तथा प्रभुको उपस्थिति र उहाँका शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन्, १० जब त्यस दिन उहाँका सन्तहरूमा महिमा पाउन र विश्वास गर्नेहरू सबैलाई आश्चर्यचकित पार्न उहाँ आउनुहुनेछ, किनभने तिमीहरूलाई दिएको हाम्रो साक्षीमा तिमीहरूले विश्वास गर्‍यौ।"

छैटौं लालमोहर खोल्दा हुने तिन वटा घट्नाको बारेमा येशूले मत्ती २४:२९,३०मा पहिला नै भविष्यवाणी गर्नुभएको थियो। महाशङ्कष्टको अन्त्य हुने नजिकको समयमा हुने घट्नाहरूलाई छैंटौ लालमोहर खोल्दा देखाइएको थियो। सन १७९८तिर येशूको दोस्रो आगमनको अगाडि हुने चिन्हहरू देखाइएको थियो। येशूले मत्ती २४मा गर्नुभए अनुसार सूर्य कालो भएको थियो, चन्द्रमा रगत जस्तो भएको थियो र तारा वा उल्काहरूको वर्षा भएको थियो। सन १७९८को वरिपरि भएका ती घट्नाहरू कुनै काल्पनिक नभएर वास्तविक नै थिए। "१२ जब उहाँले छैटौं मोहोर तोड्नुभयो, तब मैले ठूलो भूकम्प भएको देखें। सूर्य भाङ्ग्राजस्तो कालो भयो, र पूर्णिमाको चन्द्रमा रगतजस्तै रातो भयो। १३ अनि अञ्जीरको रूखलाई बतासले हल्लाउँदा नपाकेका फलहरू झरेझैं आकाशका ताराहरू पृथ्वीमा खसे। १४ आकाशचाहिँ चर्मपत्रको मुट्ठो बेह्रिएझैं लोप भयो, र हरेक टापू र पहाड तिनीहरूका आफ्ना-आफ्ना ठाउँबाट हटेर गए।" भनेर प्रकाश ६:१२-१४ र मत्ती २४मा प्राकृतिक र आकाशीय संसारमा हुने चिन्हरूको चित्रण गरिएको छ। सूर्य भाङ्ग्राजस्तै कालो भएको थियो। चन्द्रमा रगत जस्तो भएको थियो र अञ्जिरका फलहरू खसे जस्तै तारा वा उल्काहरू यस संसारमा खसेका थिए। पश्चिमी मुलुकमा रहने इसाईहरूले ती चिन्हहरूको सामना गर्नुपर्दा येशूको भविष्यवाणी पूरा भएको मानेका थिए: युरोपको देश पोर्टुगालमा सन १७५५मा महाभूकम्प गएको थियो जहाँ दशौं हजार मानिसहरूको मृत्यु भएको थियो, मे १९,१७८०मा सूर्य अचानक अन्धकारमा परिणत भएको थियो र सन १८३३ नभेम्बर १३ एटलाण्टिक समुद्र वरिपरि रहेका देशमा मानिसहरूले उल्का वर्षेको अद्भूत दृश्यहरू देखेका थिए। प्रकाश ६:१२-१४मा गरिएको भविष्यवाणी पूरा भएकोले येशूको दोस्रो आगमन नजिकै भएको थियो भनेर इसाईहरूले महसुस गरेका थिए। त्यसबेला इसाई जगतमा ठूलो जागरणको अभियान चलेको थियो।

हेर्नुहोस प्रकाश ६:१५-१७ "१५ तब पृथ्वीका राजाहरू, राजकुमारहरू, जर्नेलहरू, धनीहरू, बलियाहरू, हरेक दास र स्वतन्त्र मानिस पहाड़का गुफाहरू र चट्टानहरू हुँदो लुके। १६ तिनीहरूले पहाड़हरू र चट्टानहरूलाई भने, "हामीमाथि खस, र सिंहासनमा विराजमान हुनुहुनेको मुहारबाट, र थुमाको क्रोधबाट हामीलाई लुकाओ, १७ किनकि उहाँहरूका क्रोधको ठूलो दिन आएको छ, र यसको अगि को खड़ा हुन सक्छ?" , यशैया २:१९ "जब पृथ्वीलाई थर्कमान तुल्याउन परमप्रभु उठ्नुहुन्छ, तब परमप्रभुको

भय र उहाँको महामहिम प्रतापबाट मानिसहरू चट्टानका गुफा र पृथ्वीका प्वालहरूभित्र पस्नेछन्।", होशे १०:८ "इस्राएलको पाप, अर्थात् दुष्टताका अल्गाअल्गा ठाउँहरू नष्ट हुनेछन्। तिनका वेदीहरूमा काँढ़ा र सिउँड़ीहरूले ढाक्नेछन्। तब तिनीहरूले पहाड़हरूलाई भन्नेछन्, "हामीलाई छोप," अनि डाँड़ाहरूलाई भन्नेछन्, "हामीमाथि खस।" र लूका २३:३० "तब तिनीहरूले पहाड़हरूलाई 'हामीमाथि खस्' र डाँड़ाहरूलाई 'हामीलाई छोप' भन्न लाग्नेछन्।" जब येशूको दोस्रो आगमन हुन्छ त्यसबेला विभिन्न र सबै दर्जाका मानिसहरू त्राही त्राही भएर येशूको प्रतापबाट जोगिन लुक्नेछन् भनेर माथि उल्लेखिन दृश्यहरूले चित्रण गर्दछ। "सिंहासनमा बस्नुहुने र थुमाको क्रोधबाट" (प्रकाश ६:१६) बच्न तिनीहरू पहाडहरूमा लुक्नेछन् र चट्टानहरू खसेर तिनीहरूलाई ढाकोस् भनेर तिनीहरू कराउनेछन्। जब येशूका महिमित सन्तहरूकासाथ येशू आउनुहुनेछ तब त्यसबेला सदाको निम्ति न्यायको फैसला सुनाइनेछ (२ थेस्सोलिनिकी १:१०)। अत्याचारी, आतङ्ककारी, दुष्ट, अन्यायी, शोषक आदि जस्ता खराब मानिसहरूको अन्त्य कसरी हुनेछ भनेर प्रकाश १९:१७-२१मा यसरी बताइएको छ "१७ तब मैले एउटा स्वर्गदूत सूर्यमा उभिरहेका देखें। तिनले मध्य आकाशमा उड्ने सबै पक्षीहरूलाई चर्को सोरले यसो भने, "आओ, परमेश्वरको ठूलो भोजमा भेला होओ। १८ तिमीहरूले राजाहरू, कप्तानहरू, शक्तिशाली मानिसहरू र घोडाहरू र तीमाथि सवार हुनेहरू, फुक्का र कमारा-कमारीहरू, ठूला र साना सबैको मासु खानेछौ।" १९ अनि घोडामा सवार हुने र उहाँका सेनाहरूका विरुद्धमा युद्ध गर्न त्यो पशु र पृथ्वीका राजाहरू र तिनका सेनाहरू भेला भएका मैले देखें। २० तब त्यो पशु र त्यसको उपस्थितिमा अचम्म काम गर्ने झूटो अगमवक्ता दुवै पक्राउ परे। यी अचम्मका कामहरूद्वारा त्यस झूटो अगमवक्ताले त्यस पशुको छाप लिने र त्यसको मूर्तिको पूजा गर्नेहरूलाई बहकाएको थियो। यी दुवै जलिरहेको गन्धकको अग्नि-कुण्डमा जिउँदै फालिए। २१ बाँकी रहेकाहरूचाहिँ घोडामाथि सवार हुनुहुनेको मुखबाट निस्केको तरवारद्वारा मारिए, र सबै पक्षीहरूले तिनका मासु अघाउञ्जेल खाए।"

दुष्टहरूले त्राही त्राही गरेर चिच्याउनेहरूको क्रन्दन देखाएर प्रश्नसाथ युगको अन्त्यमा हुने दृश्यको विवरण अन्त हुन्छः "उहाँको क्रोधको महान् दिन आएको छ, उहाँको अगाडि को उभिन सक्छ र?" प्रकाश ६:१७ साथै मलाकी ३:२ "तर उहाँको आउने दिनमा को उभिन सक्छ र? उहाँ देखा पर्नुहुँदा को

खड़ा हुन सक्छ? किनकि उहाँ सुनारको आगो र धोबीको साबूनजस्तै हुनुहुनेछ।" (नेहूम १:६ पनि हेर्नुहोस्)। तर जब येशू आउनुहुन्छ उहाँको चमकको सामु को उभिन सक्छ भन्ने जवाफ प्रकाश ७:४मा दिइएको छ "तब मैले मोहोर लगाइएकाहरूको संख्या सुनें। तिनीहरू एक लाख चवालीस हजार थिए, र तिनीहरू इस्राएलका सन्तानको प्रत्येक कुलबाट थिए।" परमेश्वरका जनहरू जसमाथि मोहर लगाइएको छ तिनीहरू येशूको आगमनको प्रतापमा नडराइ उभिन सक्नेछन्।

**"उहाँको आमगमनमा को सहेर उभिन सक्छ र?" (मलाकी ३:२ रूपान्तरित)। यो प्रश्नको जवाफ तपाईंले कसरी दिन सक्नुहुन्छ? तपाईंको जवाफमा बाइबलका के आधारहरू छन्? सोच्नुहोस्।**

## उपसंहारः

एलेन जी ह्वाइटद्वारा लिखित टेस्टिमोनिज टु द मिनिस्टर्स एण्ड गस्पल वर्कर्स, पृ. ४५७-४६०बा अध्याय "वर्ल्डस् निड" पढ्नुहोस्।

यस संसारमा परमेश्वरले आफ्ना जनहरूलाई कस्तो हेरचाह गर्नुहुन्छ र तिनीहरू अनुशासनमा बसुन् भन्ने उहाँको चाहनालाई चर्मपत्रको सातवटा लालमोहरहरूले देखाउँदछ। यस सन्दर्भमा केनेथ ए. स्ट्राण्डले यसरी औँल्याउँदछन्: "परमेश्वरले आफ्ना जनहरूप्रति जहिलेपनि चासो राख्नुहुन्छ भनेर बाइबलले विश्वस्तरूपमा वयान गरेको छ। इस्राएलीहरूको इतिहासले यो कुरालाई पुष्टि दिँदछ। आफ्ना जनहरूलाई सम्हाल्न उहाँ जहिले पनि तत्पर रहेको यहूदीहरूको इतिहासले बताउँदछ। आफ्नो मुक्तिको योजनाको निष्कर्षमा उहाँले आफ्ना जनहरूको आफूप्रतिको आस्थालाई मान्यता र तिनीहरूलाई उहाँले आफ्नो खुला हृदयले अनन्त जीवनको इनाम दिनुहुनेछ। यही बिषयलाई लिएर प्रकाशको पुस्तकले अझ मिठो तरिकाले व्याख्या गर्दछ। प्रकाशको पुस्तकमा पृथ्वीको अन्तको बारेमा लेखिएको विवरण अनेकौं काल्पनिक वा साइन्स फिक्सन वा मानिसहरूलाई वहकाउने वा तर्साउने उपन्यास जस्ता होइनन्। बजारमा आएका युगको अन्तको बारेमा अनेकौं पुस्तक वा फिलिमहरू आएका छन् तर कतिपय तिनीहरू बाइबल सम्मत भएका हुँदैनन्। तर प्रकाशको पुस्तकमा रहेको सन्देशले बाइबलको भित्री मुटु वा केन्द्रीय सन्देशलाई उघारेर हाम्रो समक्ष औँल्याएको पाइन्छ। हो, प्रकाशको पुस्तकले जोडतोडले यो औँल्याउँछ कि मृत्यु र पाताल वा चिहानलाई जित्ने

जीवित प्रभुले (प्रकाश १:१८) उहाँप्रति आस्थावानहुनेहरूलाई उहाँले कहिल्यै पनि त्याग्नुहुने छैन। तिनीहरू जतिसुकै सास्ती वा सताइएर शहिद हुनुपरेतापनि तिनीहरू जितिएकाहरू हुन् भनेर प्रभुले सराहना गर्नुहुन्छ (प्रकाश १२:११) र तिनीहरूलाई जीवनको मुकुट पहिऱ्याइनेछ (प्रकाश २:१०-११ "१० तिमीले भोग्नै लागेका कष्टहरूसँग नडराओ। हेर, दियाबलसले तिमीहरूमध्ये कतिलाई तिमीहरूका जाँचको निम्ति कैदमा हाल्न आँटेको छ, र तिमीहरूलाई दशै दिन कष्ट हुनेछ। तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु। ११ जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ। जसले जित्छ, त्यसलाई दोस्रो मृत्युदेखि केही हानि हुनेछैन।", प्रकाश २१:१-४ "१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। २ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। ३ सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। ४ उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" र प्रकाश २२:४ "तिनीहरूले उहाँको मुहार देख्नेछन्, र उहाँको नाउँ तिनीहरूका निधारमा हुनेछ। ५ त्यहाँ फेरि रात हुनेछैन, तिनीहरूलाई बत्ती वा घामको उज्यालो चाहिनेछैन, किनकि परमप्रभु परमेश्वर नै तिनीहरूको उज्यालो हुनुहुनेछ, र तिनीहरूले सदासर्वदै राज्य गर्नेछन्"))।"- "सातवटा टाउकोहरू:के त्यसले रोमका सम्राट्हरूको प्रतिनिधित्व गर्दछन् र?" सिम्पोसियम अन रेभलेशन-बुक २, दानिएल एण्ड रेभलेशन कमिटी सेरिज (सिलभर स्प्रीङ्ग, मेरिल्याण्डः बिब्लिकल रिसर्च इन्स्टिच्युट, १९९२) ठेली ७, पृ. २०६बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ) सातवटा लालमोहर लगाइएको चर्मपत्र खोल्दा के भएको थियो (सातौंचाहिँ प्रकाश ८अध्यायको अध्ययनमा हेर्नेछौं) त्यो जानेर तपाईंले के सिक्नुभएको छ? यस संसारमा जसलाई जतिसुकै खराब**

भएतापनि आखिरमा परमेश्वरनै सर्वेसर्वा हुनुहुन्छ र हामीलाई येशूले के प्रतिज्ञा गर्नुभएको छ सो उहाँले पूरा गर्नुहुनेछ भन्ने कुरालाई ती लालमोहर लगाएको चर्मपत्र खोल्दा देखाइएका घट्नाहरूले कसरी बुझाउन खोजिएको छ?

आ) एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको यस भावनालाई गहिरिएर सोच्नुहोस् "मानिसहरूको मुक्तिको सन्देश दिन खटाइएको चर्च परमेश्वरले अभिषेक गर्नुभएको निकाय हो। यो सेवा गर्न संगठित गरिएको हो र यसको लक्ष भनेकै संसारमा सुसमाचार फैलाउने हो।"-द आक्टस् अभ आपोस्टल्स, पृ. ९बाट रूपान्तरित। तपाईंको स्थानीय चर्च वा झुण्डको बारेमा सोच्नुहोस्। मानिसहरूको समक्ष सुसमाचार पुऱ्याउन तपाईंको चर्च अझ कतिको जोशिलो हुनसक्छ?

प्रभुको दोस्रो आगमनमा खडा भएर रहन सक्ने को छ र किन खडा हुनुपर्छ वा अनेकौं सतावट र लान्छनालाई सहेर बस्नु कतिको जरुरत छ? अहिले नै हामीले कस्तो जीवन बिताइरहनुपर्छ ताकि येशू आउनुहुँदा हामी तयार भइरहेको उहाँले भेट्टाउनु हुनेछ?

कथा ५

## बाइबललाई हतियार बनाउँदै

## म्वाइसी फ्रान्सिस्को पेलम्बे, ३२, मोजाम्बिक

**म्वाइ**जेसिस पढाइमा कमजोर थियो। उसका साथीहरू पनि असल थिएनन्। तिनीहरू दुर्व्यसनमा लागेका थिए र रक्सी पिएर मात्थे। **म्वाइ**जेसिसले पनि तिनीहरूको अनुसरण गरेको थियो। आफ्नो छोरोदेखि दिक्क भएर उसका बुबाआमाले उसलाई मोजाम्किक सैनिकमा भर्ती गराए। आफ्नो छोराको बानी सुध्रिएला भनेर उनीहरुले त्यसो गरेका थिए।

**म्वाइ**जेसिस सैनिक तालिम लिइरहेको बेलामा सैनिक तालिम केन्द्रको भोजनालयमा खाना खान्थ्यो। त्यहाँ थुप्रै सैनिकहरूले सँगसँगै कुरा गरेर खाना खान्थे। तब त्यही खानाखाने क्रममा एकदिन **म्वाइ**जेसिसको अल्फ्रेडो नाउँ गरेको एक जना एडभेन्टिस्ट सैनिकसँग उसको चिनापर्ची भयो। तिनीहरूले एक आपसलाई मन पराउन थाले।

"उसको आनीबानी र जीवनी देखेर म प्रभावित भएको थिएँ। पहिलो भेटमा नै आफ्नो थालबाट मलाई मनपर्ने खाना उसले मलाई दिएको थियो" **म्वाइ**जेसिसले यस कथाका लेखकलाई भन्यो।

अल्फ्रेडोले के खादो रहेछ भनेर **म्वाइ**जेसिसले ध्यान दिएर हेर्न थाल्यो। सबैलाई मन पर्ने तर अशुद्ध माछा ठहरिएको माछाको तरकारी पनि अल्फ्रेडले नखाएको उसले देख्यो। अल्फ्रेड मुखको स्वादभन्दा आफ्नो जीवनप्रति होसियार भएको **म्वाइ**जेसिसले महसुस गऱ्यो। "जहिले जहिले भान्छामा माछा पकाइन्थ्यो तब म अल्फ्रेडसँग खान बस्थैं किनभने उसले उसको माछा मलाई दिन्छ भनेर थाहा थियो। मलाई माछाको तरकारी असाध्यै मनपर्छ। अल्फ्रेडले मलाई माया गर्छ । " **म्वाइ**जेसिसले भन्यो।

सँगसँगै खाना खाएको दुई हप्तापछि **म्वाइ**जेसिसलाई सैनिक प्रहरीमा तालिम दिन उसलाई सारियो। त्यसबेला ब्यारेकमा धेरै नयाँ साथीहरूसँग उसको चिनाजानी भयो। **म्वाइ**जेसिस सुत्ने खाटसँगै अर्को सैनिक थियो। उक्त सैनिकको खाटको सिरानमा जहिले पनि बाइबल हुन्थ्यो। **म्वाइ**जेसिस सुत्ने र उठ्ने बेलामा सैनिक साथीको सिरानमा जहिले पनि बाइबल भएको उसले देख्दथ्यो। "त्यो देखेर मलाई अचम्म लाग्थ्यो किनभने बाइबल भनेको केवल पास्टर र बुढापाकाहरूको निम्तिमात्रै हो तर त्यस जवानहरूको निम्ति तँ होइन। त्यस जवान सैनिकसँग बाइबल भएको नसुहाएको मैले ठानेको थिएँ" निधार खुम्च्याउँदै **म्वाइ**जेसिसले भन्यो। एकदिन त अत्यन्तै खुलदुली लागेर

त्यस सैनिक साथीलाई पास्टर नभएतापनि किन बाइबल पढेको भनेर **म्वा**इजेसिसले सोध्यो। "म इसाई हुँ" त्यस सैनिकले जवाफ दियो। "हो र? के तपाईंले परमेश्वरलाई विश्वास गर्नुहुन्छ?" **म्वा**इजेसिसले सोध्यो। आफूले परमेश्वरलाई विश्वास गरेको प्रतिवद्धता देखाउँदै यूहन्ना ३:१६को पद उसलाई सुनायो। त्यसमा लेखिएको छ "परमेश्वरले संसारलाई यति धेरै प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्रलाई पठाउनुभयो। जसले उहाँलाई विश्वास गर्छ कोही नाश हुनेछैन तर अनन्त जीवन पाउनेछ।" (रूपान्तरित)। **म्वा**इजेसिसले उक्त सैनिक साथीसँग उसको बाइबल पढ्न दिन अनुरोध गऱ्यो। **म्वा**इजेसिसले पनि बाइबल पढ्न थाल्यो र परमेश्वरलाई विश्वास गर्न पुग्यो। उसको बाबु यो सुनेर **म्वा**इजेसिससँग धेरै खुशी भए र आफ्नो छोरालाई नयाँ बाइबल उपहारस्वरुप दिए।

जब सैनिक तालिम सकियो तब **म्वा**इजेसिस आफ्नो पहिलाको सैनिक ब्यारेकमा फर्क्यो र सैनिक पुलिस अफिसरकोरुपमा काम गर्न थाल्यो। एक दिन ब्यारेकमा **म्वा**इजेसिसले बाइबल पढिरहेको एक जना आइतबार पालन गर्ने इसाईले देख्यो र भन्यो "प्रत्येक दिन बेलुका ६ बजे बाइबल अध्ययन गर्ने समूह मलाई थाहा छ। तिमीले चाहे म तिमीलाई त्यहाँ लान सक्छु।" त्यस दिन बेलुका **म्वा**इजेसिसलाई त्यस सैनिक साथीले बाइबल अध्ययन गर्ने समूहकहाँ पुऱ्यायो । तर त्यस अध्ययनबाट फर्केपछि **म्वा**इजेसिस अलमलमा परेको त्यस आइतबार पालन गर्ने सैनिक इसाईले महसुस गऱ्यो। "मलाई अर्को बाइबल अध्ययन गर्ने समूह पनि थाहा छ। तिनीहरू पनि ६ बजे बेलुका बाइबल अध्ययन गर्छन्। तर मलाई तिनीहरू मनपर्दैन। तैपनि तिमीले चाहे तिनीहरूकहाँ म भोलि लगिदिन्छु" उक्त इसाई सैनिक साथीले **म्वा**इजेसिसलाई भन्यो। "तपाईंले तिनीहरूलाई किन मन पराउनुभयो" इसाईहरूको बीचमा पनि मन पर्ने मन नपर्ने हुँदो रहेछ भनेर झन अकमक पर्दै **म्वा**इजेसिसले सोध्यो। "किनभने तिनीहरूले मेरो चर्चको बारेमा चर्चा गर्छन् जुन मलाई मन पर्दैन" उसले जवाफ दियो। अर्को साँझमा **म्वा**इजेसिस एडभेन्टिस्टहरूको बाइबल अध्ययन समूहमा सम्मिलित हुन पुग्यो। त्यस समूहको अगुवाको नाउँ **म्वा**इजेसिसको भएको थाहा पाएर उसलाई छक्क लाग्यो। अझ उसले त **म्वा**इजेसिसको लखाना दिने अल्फ्रेडोसँग बाइबल अध्ययन गरेपछि बप्तिस्मा लिएको थाहा पाएर झन तिन छक्क पऱ्यो। **म्वा**इजेसिस पहिलो पल्ट एडभेन्टिस्टहरूले संचालन गरेको बाइबल अध्ययनमा समावेस हुँदा तिनीहरूले मलाकीको पुस्तक अध्ययन गर्दै थिए। त्यसबेला तिनीहरूको अध्ययनको

विषयबस्तु मलाकी ३:८ थियो जहाँ प्रभुले भन्नुहुन्छ "के मानिसले परमेश्वरलाई ठग्छ त? हो तिमीहरूलाई मलाई ठगीरहेकाछौ। तर तिमीहरूले भन्लान् 'होइन प्रभु तपाईंलाई हामीले कसरी ठगीरहेका छौं?' तिमीहरूले दशांस र भेटी नदिदा मलाई ठगेको म ठान्दछु।" (रूपान्तरित)।

**म्वाइ**जेसिसले कहिल्यै पनि दशांस दिएको थिएन र यो सुनेर उसको मुटु काम्यो। अर्को दिन बाइबल अध्ययन गर्ने त्यही समूहमा ऊ फर्केर आयो। त्यस दिनको बाइबल अध्ययनमा हप्ताको सातौं दिन साबथको बारेमा थियो। त्यस रात जब **म्वाइ**जेसिस आफ्नो ओछयानमा सुत्न आयो तब ऊ रुन थाल्यो। त्यो देखेर संगै रहेको सैनिक पुलिस अफिसरले उसलाई सोध्यो "होइन तिमीलाई कसले कुट्यो र यसरी रोइरहनुभएको, त्यसलाई हामी ठिक पार्छौं?" तर त्यस सैनिक पुलिसलाई के थाहा थिएन भने **म्वाइ**जेसिसलाई कुनै मानिसले पनि कुटेको थिएन तर परमेश्वरको वचनले उसको हृदय छियाछिया पारेको थियो।

अर्को साबथ म्वाइजेसिस नयाँ साथीहरूसँग ९ माइल वा १४ किलोमिटर हिंडेर नजिकको एडभेन्टिस्ट चर्चमा हिंडेर गयो। त्यहाँ उसले पहिलो पल्ट आफ्नो दशांस दियो। त्यसपछि प्रत्येक साबथ ऊ चर्च जान थाल्यो र २२ वर्षको उमेरमा उसले बप्तिस्मा लियो। यो कदम उसले सेनामा भर्ती भएको दुई वर्षपछि चालेको थियो।

सैनिक सेवा पछि **म्वाइ**जेसिसले प्रहरीमा काम गर्न थाल्यो तर साबथमा पनि काम गर्नुपरेकोले त्यो काम उसले छाड्यो। अनि ऊ घरघरमा गएर बाइबल र स्वास्थ सम्बन्धी पुस्तकहरू बेच्न थाल्यो। त्यसपछि उनी मोजाम्बिक एडभेन्टिस्ट विश्वविद्यालयमा अध्ययन गर्न भर्ना भयो। आज ३२ वर्षको **म्वाइ**जेसिस विश्वविद्यालयमा धर्मदर्शनशास्त्र अध्यन गर्दैछ। त्यो अध्ययन गरेको तिन वर्ष हुँदैछ। "मेरो बुबाले मेरो बानी बदल्न सैनिक सेवामा भर्ना गराउनुभयो, तर परमेश्वरको त झन ठूलो योजना भएको मैले देख्न पाएँ। म इसाई भएको उहाँ चाहनुहुँदो रहेछ" अत्यन्त हँसिलो अनुहारमा **म्वाइ**जेसिसले यस कथाका लेखकलाई व्यक्त गऱ्यो।

(यस त्रैमासिक भेटीको केही भाग मोजाम्बिक एडभेन्टिस्ट विश्वविद्यालयको थप भवन बनाउन सहयोग गरिनेछ साथै बाइबल किन्न नसक्ने बालबालिकाहरूलाई बाइबल उपलब्ध गराउन पनि सहयोग गरिनेछ)।

**-लेखक आन्द्रु मेकचेस्ने**